समृद्ध गाउँपालिका सुखी नागरिक

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बिर्घा, स्याङ्जा

श्वेत पत्र

सफल कार्यहरूको संगालो

स्थानीय सरकारको पहिलो ५ वर्षे कार्यकाल

आ.व. २०७४/७५ देखि आ.व. २०७८/७९ सम्म

प्रमुख संरक्षक

खिम बहादुर थापा
अध्यक्ष

संरक्षक

साबित्रा कोईराला
उपाध्यक्ष

टंकराज पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

सम्पादन मण्डल

हिरामणी पाण्डे
अधिकृत छैटौ

सागर आचार्य
ईन्जिनियर

भागिरथ अधिकारी
वास संयोजक

चेत नारायण कंडेल
आलेप

व्यवस्थापक

डोलराज बस्याल
आर्थिक प्रशासन शाखा प्रमुख

लेखन, लेआउट र कभर डिजाइनिङ्ग

सुन्दर भट्टराई
कम्प्युटर अपरेटर

प्रकाशक/ सर्वाधिकार

कालीगण्डकी गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा

विशेष सहयोगी

खड्क बहादुर थापा
सिअहेब

भिम श्रेष्ठ
शिक्षा शाखा प्रमुख

गणेश पाण्डे
सुचना प्रविधी अधिकृत

नविन नेपाली
रोजगार संयोजक

हुम प्रसाद श्रेष्ठ
कृषि शाखा प्रमुख

राजेश पाण्डे
पशु शाखा प्रमुख

अनुप पौडेल
कृषि अधिकृत

संजय पाण्डे
अमिन

पूर्ण राना
सब इन्जिनियर

अनिल किशोर ढुङ्गाना
प्राविधिक सहायक

मन्जु गुरुङ्ग
योजना शाखा

गंगा पन्थी
महिला विकास शाखा

लक्ष्मी नानु राना
कम्प्युटर अपरेटर

केशव ढकाल
MIS अपरेटर

बिन्दु भट्टराई
स.क.अ.

मनिषा वली
उद्यम सहजकर्ता

गाउँ कार्यपालिका सांगठनिक स्वरूप

खिम बहादुर थापा
अध्यक्ष

साबित्रा कोईराला
उपाध्यक्ष

सोभिलाल चौतारे
वडाध्यक्ष वडा नं. १

नर बहादुर राना
वडाध्यक्ष वडा नं. २

राम बहादुर आले
वडाध्यक्ष वडा नं. ३

चक्रपाणी पाण्डे
वडाध्यक्ष वडा नं. ४

लोकेदार थापा
वडाध्यक्ष वडा नं. ५

लिलाबल्लभ अधिकारी
वडाध्यक्ष वडा नं ६

मुक्ति प्रसाद भट्टराइ
वडाध्यक्ष वडा नं. ७

मन्धरा पाण्डे
कार्यपालिका सदस्य

कोमाया सोमै
कार्यपालीका सदस्य

टिकीसरा भट्टराइ
कार्यपालीका सदस्य

शोभाखर दर्जी
कार्यपालीका सदस्य

थानेश्वर बि.क
कार्यपालीका सदस्य

टिकाकुमारी बि.क.
कार्यपालीका सदस्य

अध्यक्षको मन्तव्य

पहिलो कार्यकालको अनुभव

संघीयता कार्यान्वयन पश्चात पहिलोपटक स्थानीय तहको निर्वाचन भएको पनि पाँच वर्ष पूरा हुन लागेको छ । संघीयता कार्यान्वयनको पहिलो कार्यकालको जनप्रतिनिधि भएको कारण स्वभाविक रूपमा विधि र प्रक्रिया स्थापित गर्ने दायित्व हामीमा रहेको थियो । कार्यालय, कानुनी, संस्थागत, जनशक्ति र श्रोत साधनको उचित प्रबन्ध गर्दै नागरिकमा सेवा प्रवाह र स्थानीय विकास निर्माणमा अब्बल बन्न यस कालीगण्डकी गाउँपालिका केन्द्रित रहेको थियो ।

संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ ले प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, नागरिक मताधिकार, आवधिक निर्वाचन, पूर्णप्रेश स्वतन्त्रता तथा स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालाई आत्मसाथ गरेकोछ । लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद उन्मुख समाज निर्माण गर्दै सुखी

खिम बहादुर थापा

अध्यक्ष

नेपाली र समृद्ध नेपाल निर्माण गर्ने तथा संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा समावेशी सन्तुलित तथा दीगो सामाजिक, आर्थिक, राजनैतीक विकास गरि सामाजिक न्याय सहितको समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्यका साथ संविधान जारी भएको कुरा सुस्पष्ट नै छ । नेपालको संघीय लोकतान्त्रिक संविधान बमोजिम संघीयता कार्यान्वयनको मुख्यपाटो संविधानमा व्यवस्था भए अनुसार तीनै तहको निर्वाचन सम्पन्न भैसकेको छ

। सोही निर्वाचन पश्चात् कालीगण्डकी गाउँपालिका स्याङ्जाले आर्थिक वर्ष २०७४/०७५, ०७५/७६, ०७६/७७ र ०७७/०७८ को बजेट प्रस्तुत गरि सफलतापूर्वक कार्यान्वयन गरिसकेको यथार्थता सबैलाई थाहा नै छ । आ.व २०७६/७७ र २०७७/७८ को बजेटमा उल्लिखित योजनाहरु कार्यान्वयनका सन्दर्भमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस Covid-19 का कारण निकै नै अप्ठेरो परिस्थिति सृजना गरेतापनि दुवै आ.व.मा आशातित प्रगति हासिल गरेका छौं । आ.व २०७८/७९ को बजेट कार्यान्वयनको चरणमा रहेको छ ।

कालीगण्डकी गाँउपालिको स्थापना भएको ५ वर्षमा दिगो विकास, शान्ति, सुशासन र समृद्धिमा महत्वपूर्ण फड्को मारेको छ । यस गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पशु, पर्यटन, Covid-19 नियन्त्रण तथा रोकथाम, खानेपानी, सिँचाई, बाटो, पुल पुलेसाका पूर्वाधार, रोजगारी सृजना गर्ने र कानुनी शासन जस्ता कार्यलाई विशेष जोड दिई यस गाउँपालिकाका जनतालाई सुखी र समृद्ध बनाउन अध्यक्षको रुपमा हर समय जनताको सेवामा खटिदै आएको छु । सम्पूर्ण कालीगण्डकी बासीलाई निः शुल्क स्वास्थ्य बीमा, निःशुल्क न्युनतम विद्युत महशुल भुक्तानी , प्रत्येक वडामा हाईटेक नर्सरी, स्थानीय पाठ्यक्रम/ पाठयपुस्तक निर्माण, आलमदेवी बहुप्राविधिक शिक्षालय स्थापना, स्वास्थ्य चौकीको स्तरोउन्नती, कालीगण्डकी अस्पतालको स्थापना, अध्यक्षसँग निःशुल्क औषधी हस्तान्तरण जस्ता नवीन कामहरुको शुरुवात गर्ने सम्भव: देशकै पहिलो पालिका हुन सक्छ । विगतका पाँच वर्षहरुमा गरेको विकास निर्माणका कार्यहरुको विवरणको सुची लामो भए पनि केही प्रमुख उपलब्धिहरुमा एक घर एक धारा अभियान मार्फत खानेपानीको व्यवस्थापन, सडक नपुगेका बस्तीहरुमा सडक सञ्जालमा जोड्ने काम, सडक विस्तार तथा यातायात निर्वाध रुपमा सञ्चालन गर्ने काम, सिँचाई व्यवस्थापन, गोरेटो बाटो निर्माण, स्वास्थ्य, कृषि, पशु तथा विपद व्यवस्थापनका क्षेत्रहरुमा सफलतापूर्वक पालिकाले कार्य गरेको छ । तसर्थ यो पाँच वर्ष कार्यकालमा विषम परिस्थितीलाई चिर्दै समयमा नै गाँउपालिकाको नीति कार्यक्रम तथा बजेट लागू गर्नको लागि सहयोग गर्ने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, राजनीतिक पार्टी, आम जनसमुदाय, सम्बन्धित संघसंस्था र सरोकारवाला पक्षहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

उपाध्यक्षको मन्तव्य

स्थानीय तहको पाँचवर्षे अनुभव

नेपालको विकसित राजनैतिक घटनाक्रम संगै राज्यको पुन:संरचना पश्चात् संविधान सभाबाट जारी नेपालको संविधान, २०७२ मार्फत् नेपालको शासन व्यवस्थामा एकात्मक शासन प्रणालीबाट बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली अनुरुप हामी स्याङ्जाकै सुदूरपश्चिममा रहेको कालीगण्डकी गाउँपालिकाको निर्वाचित जनप्रतिनिधिको रुपमा पाँचौ पटक नीति तथा कार्यक्रम र बजेट पेश गरी दशौ गाउँसभा सम्पन्न गरिसकेका छौं । हामीले यस कालीगण्डकी गाउँपालिकामा प्रथम पटक निर्वाचित भई आउँदा विभिन्न संस्थागत, नीतिगत तथा कानुनी समस्याहरुलाई पन्छाउदै विकास निर्माणका काममा जनतासँग प्रत्यक्ष रुपमा जोडिएर काम गरेका छौं ।

नागरिकहरूको विकासप्रतिको व्यग्र प्रतिक्षा तथा हामी जननिर्वाचित प्रतिनिधिहरूको

साबित्रा कोइराला
उपाध्यक्ष

तीव्र इच्छालाई मूर्त रूप दिन सुरुवाती दिनहरूमा विकास निर्माण र संस्थागत संरचनाहरू दुवै एकैसाथ लैजानु पर्ने र सोलाई वैधानिकता दिनको लागि आवश्यक ऐन, कानुन, नीति नियम, कार्यविधि, निर्देशिका मापदण्डसमेत निर्माण गर्नु अत्यन्तै जटिल, कठिन र चुनौतिपूर्ण कार्य थियो । तथापि, हामीहरू उपलब्ध स्रोत र साधनको मितव्ययी र कुशल व्यवस्थापनमा हरहमेसा जुटिरह्यौं र समग्र कार्यहरूलाई निकै संयमपूर्वक अगाडि बढाउँदै गयौँ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस covid-19 का कारणले मानव जाती माथि नै अकल्पनीय संकट आइपरेको अवस्थामा कालीगण्डकी गाउँपालिका पनि जोगिन सकेन । तथापि हामी अग्रपंक्तिबाट नै जनताको जिउज्यानको सुरक्षाका लागि हाम्रो क्षमताले भ्याएसम्म स्वास्थ्यका सबै मापदण्ड पूरा गर्दै बजेटको व्यवस्थापन सहित लागि परेको जगजाहेरै छ। यसका लागि सहयोग गर्ने राजनीतिक दल, स्वास्थ्यकर्मी, समाजसेवी, बुद्धिजिवी, जनप्रतिनिधि, संघ संस्था , कर्मचारी सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । विभिन्न प्रतिकुल परिस्थितीका बावजुद कालीगण्डकी गाउँपालिकाले बजेट मार्फत जनताको आवश्यकताको आधारमा व्यवस्था गरे अनुरुप नै गाउँपालिकाका टोल भेला, वडा भेला मार्फत योजनाका प्रथामिकताका आधारमा छनोट भएका योजना तर्जुमाका चरणहरु पार गर्दै विकेन्द्रीकृत सिद्धान्तका आधारमा आएका योजनाहरुलाई स्रोत र साधनले भ्याएसम्म योजनामा सम्बोधन भएको महसुश गरेकी छु । जनताहरुको प्रमुख आवश्यकता तथा समस्याहरुलाई सम्बोधन गर्न गाउँपालिकाले विकास सबै क्षेत्रमा सन्तुलित तथा दीगो विकासका आयामहरु प्रयोग गरिएको छ । गाउँपालिकाको कार्यालय सञ्चालनको लागि जग्गा व्यवस्थापन गरी भवन निर्माण सम्पन्नको चरणमा रहेको छ । कालीगण्डकी अस्पताल स्थापना, निःशुल्क स्वास्थ्य बीमा, प्राविधिक शिक्षालयको स्थापना लगाएतका विकासका काम सँगै समावेशी र महिला सशक्तिकरणका लागि हरेक आर्थिक वर्षमा थुप्रै कामहरु गर्दै आइरहेको छ ।

अन्त्यमा, स्थानीय सरकारको प्रथम कार्यकालको ५ वर्षे अवधिलाई सफल तुल्याउन सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यूप्रति आभार व्यक्त गर्दै सम्पूर्ण गाउँ सभाका सदस्यज्युहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू, राजनितिक दल लगायत सम्पूर्ण सरकारी तथा गैर सरकारी निकाय साथै सरोकार सबैमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

विषय क्षेत्रहरु

01 संस्थागत सुदृढीकरण सेवा प्रवाह र अन्तरसरकार समन्वय १

02 भौतिक पूर्वाधार विकास ११

03 सामाजिक विकास २१

04 आर्थिक विकास ३५

05 वन वातावरण र विपद् व्यवस्थापन ४९

विषय क्षेत्र : १
संस्थागत सुदृढीकरण सेवा प्रवाह र अन्तरसरकार समन्वय



तथ्याङ्कमा
संस्थागत सुदृढीकरण सेवा प्रवाह र अन्तरसकार समन्वयन

क.सं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
क	सुशासन, ऐन नियम, कानून, नीति तथा जवाफदेहिता			
१	गाउँपालिकाले जारी गरेका कानून तथा नीति	संख्या	०	४४
२	ऐन	संख्या	०	१३
३	नियम तथा विनियम	संख्या	३	४
४	निर्देशिका, कार्यविधि र मापदण्ड	संख्या	८	२७
५	नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजश्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदी) हरुको कृयाशिलता	संख्या	०	३
६	अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार (क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी)	संख्या	०	२
७	प्रवक्ता तोकिएको छ	छ=1/छैन=0	१	१
८	गुनासो सुन्ने अधिकारी तोकि जिम्मेवारी दिएको छ	छ=1/छैन=0	१	१
९	सूचना अधिकारी तोकी जिम्मेवारी दिएको छ	छ=1/छैन=0	१	१
१०	गाउँपालिकामा कार्यरत मानव संशाधन (जम्मा कर्मचारी)	संख्या	६०	११६
क	वित्तीय श्रोत परिचालन			
१	गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा)	रु. हजारमा	१०४२७	२६५७५७
२	संघबाट प्राप्त समानिकरण अनुदान	रु. हजारमा	१३७०८४	४८४६३४
३	संघीय विशेष अनुदान	रु. हजारमा	०	२०५००
४	संघीय समपुरक अनुदान	रु. हजारमा	०	९००
५	प्रदेशबाट प्राप्त समानीकरण अनुदान	रु. हजारमा	०	३१६५०
६	प्रदेश विशेष अनुदान	रु. हजारमा	०	४४६१९
७	प्रदेश समपुरक अनुदान	रु. हजारमा		२६९८५
८	संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम	रु. हजारमा	१५०००	३४२३५२
९	प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम	रु.हजारमा	०	१२३६७
ग	योजना व्यवस्थापन			
१	आवधिक योजना तर्जुमा भएको छ	छ=1/छैन=0	०	१
२	आयोजना बैंक रहेको	छ=1/छैन=0	०	१

क्र.सं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
३	गाउँपालिकाले स्थानीय दररेट निर्धारण गरी कार्यान्वयन गरेको	छ=1/छैन=0	१	१
४	अनलाईन प्रणालीबाट कर संकलन हुने गरेको	छ=1/छैन=0	०	१
५	एक स्थानीय तह एक औद्योगिक ग्राम अवधारणा शुरु गरिएको	छ=1/छैन=0	०	१
६	सार्वजनिक निजी साझेदारी अवधारणा कार्यान्वयन गरिएको	छ=1/छैन=0	१	१
७	संगठन तथा व्यवस्थापन (O&M)सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गरि लागु गरिएको	छ=1/छैन=0	१	१
८	विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारि कार्यान्वयनमा ल्याईएको	छ=1/छैन=0	०	१
९	गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गरिएको	छ=1/छैन=0	१	१
१०	न्यायिक समितिमा परेका उजुरी	संख्या	२	२५
११	न्यायिक कार्यसम्पादन भएको	संख्या	२	२२
गाउँ सभाबाट जारी भएका ऐनहरुको विवरण				
१	सहकारी ऐन	छ= १/छैन=०	०	१
२	एफ. एम. सञ्चालन ऐन	छ= १/छैन=०	०	१
३	आधारभूत स्वास्थ्य र सरसफाई (स्थानीय स्वास्थ्य) ऐन	छ= १/छैन=०	०	१
४	स्थानीय बजार व्यवस्थापन सम्बन्धी ऐन	छ= १/छैन=०	१	१
५	खानेपानी, सरसफाई एवं स्वच्छता सम्बन्धी ऐन	छ= १/छैन=०	०	१
६	वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन	छ= १/छैन=०	१	१
७	स्थानीय कृषि विकास (कृषि तथा पशु विकास क्षेत्र) सम्बन्धी ऐन	छ= १/छैन=०	१	१
८	विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सँग सम्बन्धित ऐन	छ= १/छैन=०	१	१
९	संघ संस्था दर्ता ऐन	छ= १/छैन=०	०	१
१०	औद्योगिक व्यवसाय ऐन	छ= १/छैन=०	१	१
११	सुशासन, व्यवस्थापन तथा संचालन कार्यविधि ऐन	छ= १/छैन=०	०	१
१२	उद्योग तथा व्यवसाय दर्ता सम्बन्धि ऐन	छ= १/छैन=०	१	१
१३	स्थानीय वन ऐन	छ= १/छैन=०	०	१

प्रभावकारी सेवा प्रवाहका लागि सुविधा सम्पन्न प्रशासकीय भवन

स्थानिय तहको पहिलो निर्वाचन भएपछि सुरुका ३ वर्ष साविकको बिर्घा अर्चले गाविसको भवन र केही भाडाका घरहरुबाट गाउँपालिकाले प्रशासकीय सेवा प्रदान गरेकामा त्यहाँबाट २०७७ साल कार्तिकमा गहलाममा सरेर हललाई पार्टेसन गरेर र केही घर भाडामा लिई कार्यालयको सेवा प्रदान गर्दै आइरहेकोमा आगामी महिनाबाट नै गाउँपालिको सुविधा सम्पन्न अत्याधुनिक भवन बाट सेवा प्रदान गर्ने गरी तयारी भइरहेको छ ।

बिर्घाका स्थानीय बासिन्दाहरुको दानमा प्राप्त गरेको जग्गामा पालिकाले रु ७ करोड ७१ लाख मा निर्माण भएको भवन मिति २०७७ भदौ ५ मा गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाबाट शिलन्यास भई भवन निर्माणको काम सुरु भएको थियो । भवन निर्माणको खर्च गण्डकी प्रदेश सरकारले रु २ करोड व्यहोरेको छ भने बाँकी रकम रु ५ करोड ७१ लाख पालिका आफैले लगानी गरेको हो ।

वित्त आयोगको नतिजा: जिल्लाकै उत्कृष्ट गाउँपालिका

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले मिति २०७८/११/१८ गते प्रकाशन गरेको कार्यसम्पादनमा आधारित मुल्याङ्कनको नतिजामा कालीगण्डकी गाउँपालिका स्याङ्जा जिल्लामा अन्य गाउँपालिकाले भन्दा धेरै अंक ६५.०९ हासिल गर्न सफल भएको छ । उक्त नम्बरको आाधारमा आगामी आ.वको लागि संघीय सरकारले प्रदान गर्ने समानिकरण अनुदानको रकम निर्धारण गर्दछ ।

वित्त आयोगले १७ वटा सुचकहरु बाट जम्मा १०० अंक निर्धारण गर्ने गरी गणितिय सुत्र तयार गरेको छ । उक्त सुचाङ्कमा पालिकाको समग्र स्थितीहरु जनसङ्ख्या, स्वास्थ्य, शिक्षा, सुशासन, लेखा प्रणाली, कार्यसम्पादनको अवस्था , वेरुजुको आकार आदिको आधारमा जम्मा प्राप्ताङ्क निर्धारण गर्दछ ।

पालिकाको इमान्दारिता : जिल्लामै कम बेरुजु

वित्तीय अनुशासन कायम गर्न स्थानीय सरकारहरूले ध्यान दिन सकेनन् भनेर आलोचना भैरहँदा यस कालीगण्डकी गाउँपालिका बित्तीय सुशासनका हिसाबले स्याङ्जा जिल्लाका अरु पालिकाको तुलनामा अब्बल देखिएको छ । महालेखा परीक्षकको प्रतिवेदनअनुसार आव ०७७/७८ मा जिल्लाका ११ पालिकामध्ये कालीगण्डकी गाउँपालिका बेरुजु सबैभन्दा कम (०.८९ प्रतिशत) छ । जनप्रतिनिधिले निर्णय नियमसम्मत मात्र गर्ने र कर्मचारीले परिपक्व तरिकाले निर्णय कार्यान्वयन गर्ने परिपाटीले बेरुजु न्यून भएको हो ।

समयमा बजेट ल्याउने र बजेटले व्यवस्था गरेभन्दा बाहिर गएर खर्च नगर्ने गाउँपालिकाको मुख्य बिषेशता हो । गाउँपालिकाले बजेटभन्दा बाहिर गएर कुनै किसिमको रकमान्तर गरेर खर्च गरको छैन । स्रेस्ता दुरुस्त राखेको र लेखापरीक्षकलाई पुष्टीसहितको जवाफ दिएका कारण बेरुजु थोरै कायम भएको हो । यसैगरी गाउँपालिकाले उपभोक्ता समितिको 'रुची र क्षमता' का आधारमामात्रै उपभोक्ता समितिमार्फत काम गराउँदै आएको छ । थोरै बजेट भनेर मात्र नहुँदो रहेछ । उपभोक्ताले लागत व्यर्होन सक्ने र लागत ब्यर्होन इच्छुक योजनामात्रै उपभोक्ता समितिलाई दिएकाले उपभोक्ता समितिको योजना अलपत्र पर्ने, लागत उठाउन नसक्ने, भुक्तानी रोकिनेजस्ता समस्या आएन । गाउँपालिकाले पेस्की लिएकै आवमा फछ्र्योट गराउन जोड दिएका कारण पेश्की पनि बेरुजु शून्य छ । स्रेस्ता दुरुस्त भएका कारण नियमित गर्नुपर्ने बेरुजु पनि एकदमै कम निस्किएको र त्यस्ता बेरुजुलाई पनि तत्काल नियमित गर्दै आएको छ ।

आवधिक योजना मार्फत विकासको खाका तयार

कालीगण्डकी गाउँपालिको आफ्नो तीन वर्षे दीर्घकालिन योजनासहित प्रथम त्रिवर्षिय योजना तर्जुमा गरेको छ । त्रिवर्षिय योजना आ.व. २०७८/७९ देखि आ.व. २०८०/८१ सम्मको लागि तयार गरेको छ भने आ.व. २०९०/९१ सम्मको लागि दीर्घकालिन योजनाको रुपमा लक्ष्य निर्धारण गरेको छ । आवधिक योजनाले १५७ वटा सूचकहरूमा लक्ष्य निर्धारण गरेको छ । त्रिवर्षीय योजनाले 'गाउँपालिका र यस अन्तर्गतका अन्य निकाहरूबाट प्रवाह गरिने सेवाको गुणस्तर बढाउँदै स्थानीय उत्पादनमा बृद्धि तथा व्यवसायिक संस्कारको विकास गरी कालीगण्डकी गाउँपालिकाबासीको हाल भएकोबाट बृद्धिगरी कम्तिमा पनि थप १० प्रतिशत औषत वार्षिक वृद्धिदर' लक्ष्य राखेको छ । योजनाले निर्दिष्ट गरेका कार्यक्रम तथा आयोजनाको लागि करिब ८ अर्व लगानी आवश्यक गर्ने देखिन्छ । हाल ११.२ प्रतिशत गरिबी रहेकोमा ३ वर्षमा ६.७ प्रतिशतमा झार्ने, सबै घरमा स्वच्छ खानेपानी धारा पुर्याउने, सरदर आयु ७२ वर्ष पुर्याउने, साक्षरता दर ९९ प्रतिशत पुर्याउने जस्ता क्षेत्रगत सूचकहरू र सोको लक्ष्यहरू योजनाले निर्धारण गरेको छ । आवधिक योजनाले नागरिक अधिकार र सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्ध समाज निर्माण कार्यलाई गाउँपालिकाको प्रमुख कार्यसूचीमा राखेको छ ।

योजनाले क्षेत्रगत सूचकहरूको कार्यान्वयन रणनीति, लागत तथा सरोकारवालाहरूको भूमिकालाई समेत समावेश गरेको छ । विज्ञहरूको सहयोगमा तयार पारिएको आवधिक योजनाको तर्जुमा प्रकृयामा वस्ती तथा वडास्तरबाट नै नागरिकहरूको चाहना र मागलाई प्राथमिकीकरण गरी समावेश गरिएको छ । पालिकास्तरमा विभिन्न विषयगत समितिहरूमा व्यापक छलफल, राजनीतिक दल तथा बुद्धिजिवीहरूसँगको परामर्श एवं सुझावलाई समेटिएको योजनाले गाउँपालिकाको समग्र विकासको स्पष्ट दिशानिर्देश गरेको छ ।

उपभोक्ताको सहजताका लागि योजना पुस्तिका

उपभोक्ता समितिलाई काम गर्न भन्दा कागजपत्र मिलाउन नै झन्झट हुँदा गाउँपालिकाको सेवा प्रवाहमा उपभोक्ताबाट गुनासो आइरहन्थ्यो । तर कालीगण्डकी गाउँपालिकाले कुनै पनि आयोजनाको सुरुदेखि अन्त्यसम्म समावेश गर्नुपर्ने कागजपत्रहरूलाई एउटै पुस्तक (योजना पुस्तक) मा समावेश गरी उपभोक्ता समितिलाई जिम्मा लगाएपछि भने यो समस्या हटेको छ । हरेक आयोजनाको एउटा एउटा आयोजना पुस्तक हुनेछ जहाँ उपभोक्ताहरूको भेलाका उपस्थिती तथा निर्णय, लागत स्टमेट, समितिको माइन्युट, विभिन्न निवेदनहरू, आयोजना सम्झौता पत्र, अनुगमन समितिको प्रतिवेदन, आयोजना फरफारक लगायतका सम्पूर्ण प्रकृयाका कागजपत्र समावेश गरिएको

छ । उपभोक्ताहरूलाई कागजपत्र मिलाउन र तोकिएका प्रकृया पूरा गर्न सधै समस्या आइरहन्थ्यो तर आयोजना पुस्तक उपलब्ध गराएपछि भने यो समस्या हटेको छ । पालिकाले सुशासन, पारदर्शिता र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ । कार्यालयमा लेखाको सुत्र, योजना, राजश्व र जिन्सीका सफ्टवयर प्रयोगमा ल्याएको छ भने वडा कार्यालयबाट हुने सबै प्रकारका सिफारिसहरू अनलाइनबाट सिफारिस गरिन्छ । राजश्व सफ्टवेयरको प्रयोले राजश्वमा सामान्य वृद्धि भएको छ भने सामाग्रीहरूको मौज्दातको अनुगमन गर्न सहज र मितव्ययी भएको छ ।

ठुला आयोजनामा संघ प्रदेश सँग साझेदारी

कालीगण्डकी गाउँपालिकाले हरेक आ.व.मा ठुला विकासका आयोजनाहरुको लागि संघीय र प्रदेश सरकारसँग मिली समपुरक र विशेष अनुदान मार्फत अन्तरसरकारी सहलगानीमा विकास निर्माणका कामहरु गर्दै आएको छ । समपुरक अनुदान अन्तर्गत काम भएका योजनाहरु संघ अथवा प्रदेशको ५० प्रतिशत र पालिकाको ५० प्रतिशत लगानीमा केही योजनाहरु सम्पन्न भएका छन भने केही सम्पन्नको अन्तिम चरणमा रहेका छन् ।

संघीय समपुरक अन्तर्गत छाप दब्छे वैघा सुलसुले मोटरबाटो स्तरउन्नती तथा कालोपत्रे बिच्छाउने आयोजना सम्पन्नको अन्तिम चरणमा पुगेको छ । त्यस्तै संघीय विशेष योजना अन्तर्गत छिस्दी किपट लिफटीड खानेपानी योजना, स्वास्थ्य चौकी निर्माण छाप, फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट निर्माण योजनाहरु रहेका छन । प्रदेश सरकार सँग सहकार्यमा सञ्चालन भएका योजनाहरुमा प्रशासकीय भवन निर्माण, गहलाम घडीपोखरा सडक स्तरउन्नती, दलित बस्ती विकास र मिर्मी बहुमुखी क्याम्पसमा वाचनालय सहितको पुस्तकालय निर्माण योजनाहरु रहेका छन् ।

प्रदेशसँगको साझेदारीमा:
गहलाम घडीपोखरा सडक स्तरउन्नती

संघ सरकारसँगको साझेदारीमा:
छाप स्वास्थ्य चौकी भवन निर्माण



संघ सरकारसँगको साझेदारीमा:
छाप दब्छे सडक स्तरउन्नती तथा कालोपत्रे

संघ सरकारसँगको साझेदारीमा:
किपट लिफ्टीङ खानेपानी आयोजना

सुशासन र पारदर्शिताका लागि इ गर्भनान्समा अग्रसर

स्थानिय सरकारका सेवाहरु पारदर्शी, मितव्ययी, छिटोछरितो र सेवाग्राही मैत्री बनाउन कालीगण्डकी गाउँपालिकाले हर सम्भव विधि तौरतरिका अवलम्वन गरेको छ । पालिकाले अनुसरण गरेको केही प्रयासहरु यस प्रकार छन् ।

- शत प्रतिशत सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण ।
- व्यक्तिगत घटनादर्ता तथा स्थानीय पञ्जिकरण सम्बन्धी काम अनलाईन प्रणालीबाट गरिएको ।
- गाउँपालिकाले आम्दानी खर्च र सो सम्बन्धी अभिलेख राख्न महालेखा नियन्त्रक कार्यालयले लागु गरेको सुत्र प्रणालीको पूर्ण प्रयोग गरिएको ।
- जिन्सी तथा मौज्दात व्यवस्थापन प्रणालीका लागि सफ्टवेयर प्रयोग गरिएको ।
- कर्मचारीको तलब भत्तालाई व्यवस्थापन गर्न पेरोल सफ्टवेयर प्रयोग गरिएको ।
- वडा तथा पालिका केन्द्रबाट उठ्ने सबै राजश्व अनलाइनबाट संकलन गरिएको ।
- गाउँपालिकाका नियमित सूचनाहरु सभा र कार्यपालिकाबाट भएका निर्णयहरु बेबसाइटमा प्रकाशन गरिएको ।



सफ्टवेयर उद्घाटन कार्यक्रम

सामाजिक न्याय समावेशिकरण तर्फ सम्पन्न भएका क्रियाकलाप तथा योजनाहरु

महिला नेतृत्व विकास तालिम

जेष्ठ नागरिक र अपाङ्ग प्रमाण पत्र वितरण

३ वटा अपाङ्गमैत्री घर निर्माण

वडा स्तरीय बाल संजाल गठन

बुहारी सम्मान कार्यक्रम

एक घर एक धारा वडा घोषणा

अपाङ्ग सम्मान एवं न्यानो कपडा वितरण

कोरोना अवधीमा विपन्नलाई खाद्यान्न वितरण

दलित बस्ति विकास कार्यक्रम

सरकारी सेवामा प्रवेश कक्षा

विषय क्षेत्र २ : भौतिक पूर्वाधार विकास



तथ्याडकमा भौतिक पूर्वाधर विकास

सडक, पुल, भवन, खानेपानी, सिंचाई, आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण

क्र.सं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
क	**सडक क्षेत्र**			
१	कालोपत्रे सडक	कि.मि.	१५	४२
२	ग्राभेल (खण्डास्मिथ) सडक	कि.मि.	०.२५	१५
३	माटे (कच्ची) सडक	कि.मि.	२५	६०.५
५	सडक यातायातको पहुँचमा जोडिएका वडा केन्द्र	संख्या	३	७
६	यातायात सुचारु हुने सडकको लम्बाई	कि.मि.	०	२१५
७	गाउँपालिकाको नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न	संख्या	०	१
८	वडा कार्यालय भवन निर्माण सम्पन्न	संख्या	१	६
९	स्वास्थ्य भवनहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई)	संख्या	०	५
१०	स्वास्थ्य भवनहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई) निर्माणाधिन	संख्या	०	४
११	अन्य भवनहरु निर्माण सम्पन्न (सेवा केन्द्र, सभा हल, सामुदायिक भवन)	संख्या	०	१०
१२	अन्य भवनहरु निर्माण सम्पन्न (सेवा केन्द्र, सभा हल, सामुदायिक भवन) निर्माणाधिन	संख्या	०	५
१३	विद्यालय भवनहरु निर्माण सम्पन्न	संख्या	२०	३८
१४	गाउँपालिकाले भवन निर्माण संहिता लागु गरेको	छ=१, छैन=०	१	१

क्र.सं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
१५	भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर (नक्सा पास भएका)	संख्या	९३	५५५
१६	घरबार विहीन परिवार आवास व्यवस्था	संख्या	०	२
ख	विद्युत तथा बैकल्पिक उर्जा			
१७	विद्युत सेवा पुगेको घरधुरी	प्रतिशत		१००
१८	राष्ट्रिय विद्युत प्रणालीमा जोडिएको परिवार	संख्या	३९००	४६१५
१९	सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने परिवार	संख्या	६४२	७२०
२०	सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार	संख्या	२१०	४६५
२१	गाउँपालिकाको केन्द्रमा इन्टरनेट सेवा उपलब्ध	छ=१, छैन=०	०	१
२२	इन्टरनेट सेवाको पहुँच पुगेका वडाहरुको संख्या	वडा संख्या	१	७
ग	खानेपानी			
२३	खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, नियम, कार्यविधि तथा निर्देशिका	संख्या	०	१
२४	खानेपानी योजना निर्माण (योजनाको प्रकार वा लागत)	संख्या	३	३०
२५	आधारभुत खानेपानी पुगेको घरधुरी	संख्या	६५०	३४००
२६	निजी धारा भएका घरधुरी	संख्या	६५०	३४००
२७	गाउँपालिकामा नियमित रुपमा पानीको गुणस्तर परीक्षण कार्य हुने गरेको	छ=१, छैन=०	०	१
२८	गाउँपालिकाले नै खानेपानीको मुहान दर्ता तथा नियमन कार्य भैरहेको	छ=१, छैन=०	०	१
घ	सिञ्चाई			

क.सं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
२९	कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्धताको अवस्था	रोपनी/विगाहा	७६१.०९	७६१.०९

थपिए ८ वटा मोटरेवल र ४ वटा झोलुङ्गे पुल

कालीगण्डकी गाउँपालिकालाई ४५ किमी कालीगण्डकी नदीले तिन तिर बाट घेरेको छ । जसले गर्दा स्थानीय बासिन्दालाई नजिकैको गाउँ तथा शहरमा सामान किनमेल गर्न, आफन्त भेटघाट गर्न, बालबालिकाहरुलाई विद्यालय जान फेरो बाटो भएर जानु पर्ने बाध्यता थियो । स्थानीय सरकार स्थापना भएपछि गाउँपालिकामा पुल निर्माण सम्बन्धी कामहरु तीव्र रुप सञ्चालन भएका छन् संघ र प्रदेश सरकारको सहकार्यमा पुल निर्माणका योजनाहरु केही सम्पन्न भए भने केही निर्माण कार्य सुरु भईरहेका छन् । तीन वटा झोलुङ्गे पुलहरु बारीचौर र पाल्पाको मद्रान जोड्ने , गहलाम घाटा र गुल्मिको दहिङ, हर्मिचौर जोड्ने, नेपालकै नमुना ३ मुखे पाल्पा , स्याङ्जा र गुल्मी जिल्ला जोड्ने पुल र दुई वटा मोटरेवल पुलहरु रुद्रवेणी र रानीघाटमा निर्माण सम्पन्न भएका छन् । भने वडा नं ७ बारीचौर र गल्याङ्ग नपाको रुपाखानि जोड्ने झलुङ्गे पुलको अध्ययन सम्पन्न भइ निर्माणको लागि बजेट सुनिश्चितता भैसकेको छ । त्यस्तै पाँच वटा मोटरेवल पुलहरु : आधिखोला नदीमा बन्ने मोहनडाँडा र आधिमुहान जोड्ने पुल, कालिगण्डकी नदि माथि बन्ने बास्टरी र दर्पुक जोड्ने पुल, छिस्दी किपट र पाल्पाको रिडि जोड्ने पुल, चण्डीभञ्ज्याङ्ग र अर्गेली जोड्ने पुल, विर्घा अरुवा र गुल्मीको पहादी कालीगण्डकी करीडोरमा जोड्ने पुल निर्माणका चरणमा रहेका छन् ।

बारीचौर मन्द्रान झोलुङ्गे पुल सिलन्यास र निर्माण पछीको दृश्य





रानीघाट मोटरेवल पुल

स्याङ्जा, पाल्पा र गुल्मी जोड्ने तीन मुखे पुल

पक्की सडक सञ्जालले जोड्दै घर आँगन

मानव बस्ती विकास, पर्यटन पूर्वाधार, जनताको दैनिकी सरलीकृतका लागि बाह्रै महिना तथा सबै किसिमका मौसममा विना रोकावट सञ्चालन हुने बलियो सडक आश्यकता पर्दछ । स्थानीय सरकारको स्थापना हुनुपूर्व विद्युत प्राधिकरणले निर्माण गरेको १५ किमि कालोपत्रे सडक र केही माटे सडक मात्र सञ्चालनमा थिए । २०७४ साल पछि कालीगण्डकी गाउँपालिकाका सबै वडाका टोल टोलमा मोटर बाटो पुगेको पाउन सकिन्छ । पालिकाले हरेक नयाँ आर्थिक वर्षमा बस्तीहरुलाई सडक सञ्जालमा जोड्नका लागि विभिन्न योजनाहरु नयाँ ट्र्याक ओपन, सडक स्तरउन्नती, सडक मर्मत सम्भार आदीका मार्फत सडक निर्माण र सुधार गर्ने काम गरेको छ । सडकलाई बाह्रै महिना तथा चौबिसै घण्टा निरन्तर खुल्ला राख्न पालिकाले बजेट विनियोजन गरी काम गर्दै आएको छ ।

पालिकाले आठ वटा सडक योजनाहरुलाई गौरवका आयोजनाका रुपमा सञ्चालन गरेको छ जसमा मिर्मी वैघा रिडी सडक, मिर्मी भुष्टुङ्ग रुद्रवेणी सडक, जैपते लिहाक इमसिल बारीचौर टङ्लेहवा सटुका प्युघा हुदै रिडी सडक , मालुङ्गा बेल्टारी बारीचौर हुदै रिडी सडक, रुद्रवेणी ठाटीभञ्ज्याङ्ग हटिया रानीघाट सडक, छाप दब्छे सुलसुले सडक, गहलाम घडीपोखरा छाप सडक, गहलाम बनकसी खहरे सडक रहेका छन् ।

पालिकामा पुरानो १५ किमी बाहेक थप ४२ किमि सडक कालोपत्रे भएको छ । १५ वटा गाउँ बस्ती जोड्ने नयाँ ट्रायक खोलिएका छन् १० किमी सडक ग्रावेल नाली निर्माण तथा स्तरोन्नती भएका छन् ।

नयाँ ट्यारक ओपन

सडक मर्मत

सडक ग्राभेलिङ

कालोपत्रेको तयारी


कालोपत्र बिच्छाउदै

गौरवका सडक आयोजना

- मिर्मी वैघा रिडी सडक
- मिर्मी भुष्टुङ्ग रुद्रवेणी सडक
- जैपते लिहाक इमसिल बारीचौर टङ्लेहवा सटुका प्युघा हुदै रिडी सडक
- मालुङ्गा बेल्टारी बारीचौर हुदै रिडी सडक
- रुद्रवेणी ठाटीभञ्ज्याङ्ग हटिया रानीघाट सडक
- छाप दब्छे सुलसुले सडक
- गहलाम बनकसी खहरे सडक
- गहलाम घडीपोखरा छाप सडक

गाउँपालिका मुख्य सडक र सबै घर उज्यालो कार्यक्रम २० युनिट विद्युत निशुल्क

कालीगण्डकी जलविद्युत परियोजनाको बाँध स्थल, सुरुङ् मार्ग, विद्युत उत्पादन गृह यसै गाउँपालिका अन्तर्गतका ७, ६ र ५ वडामा पर्दछन् । विद्युतको क्षेत्रमा नेपाललाई नै ठूलो योगदान पुर्याएको यस गाउँपालिकाले आफ्ना नागरिकहरुका घर घरमा उज्यालो बनाउनको लागि आवश्यक पूर्वाधार तयार गर्ने काम गरेको छ । पुराना काठका पोलहरु सबैलाई विस्थापित गरि नयाँ मापदण्डका पोलहरुमा तार तान्ने काममा गाउँपालिका सफल भएको छ । गाउँपालिका बासी सबैलाई न्युनतम २० युनिट सम्मको विद्युत उपयोगमा लाग्ने खर्च गाउँपालिकाले नै ब्यहोरेको छ हालसम्म ४६१६ घर परिवारको महसुल भुक्तानी भएको छ। बैकल्पकि उर्जा प्रबद्धर्न कार्यक्रम अन्तर्गत सडक किनारामा ६० वटा सेन्सर भएका बत्तीहरु जडान भएको छन् भने ११० वटा विना सोलारका बत्ती जडान भएका छन् । सबै वडा कार्यालयहरुमा र दलित वस्ती भएका ठाउँहरुमा सोलार बत्ती जडान भएको छ ।

ईन्डक्सन चुलो वितरण

२० युनिट निःशुल्क विजुलीका लागि विद्युत प्राधिकरणसँग सम्झौता ।

सबै वडा कार्यालय मुख्य सडक र दलित बस्तीमा सौर्य उर्जा कार्यक्रम

६० वटा सोलार बत्ति र ११० बिधुतिय सडक बत्ति

पुर्ण बिधुतिकरणयुक्त गाउपालिका

काठे पोलरहित गाउँपालिका

कालिगण्डकी बि र आधिखोला बि को सम्भाब्यता अध्ययन

बढ्दो छ सार्वजनिक भवन निर्माणको कार्य

दुई सभाहल निर्माण

औपचारीक तथा अनौपचारिक कार्यक्रम सभा सम्मेलन तालिम प्रर्दशनीका लागि गाउँपालिका अन्तर्गत वडा नं ५ जैपते र वडा नं ४ गहलाममा आधुनिक सुविधाका सभाहलहरु निर्माण भएका छन् । २०० जना क्षमताको हलमा स्टेज, कुर्ची, पंखाको व्यवस्था गरिएको छ । गाउँपालिकामा हुने तालिम भेला लगाएतका कार्यक्रमहरु सञ्चालन गर्न सुविधा पुर्याएको छ ।

चार स्वास्थ्य चौकी निर्माण

कालीगण्डकी गाउँपालिका भित्र वडा नं ६, वडा नं ४, वडा नं २ र वडा नं १ मा स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न भएको छ । भवन आधुनिक सेवा सुविधा युक्त रहेको छ । भवनले विरामी तथा स्वास्थ्य कर्मीहरुलाई उपचारमा सहजता ल्याउने अपेक्षा गरिएको छ ।

दुई जेष्ठ नागरिक मिलन केन्द्र

आफ्नो उर्जाशिल समयमा समाज तथा राष्ट्रलाई योगदान पुर्याएका नागरिकहरु पाको उमेर भएपछि दैनिक काम काजबाट फुर्सद पाउने भएकाले उहाँहरुको समय व्यतित तथा एक आपसमा भेटभाट गर्नको लागि गाउँपालिकाले वडा नं १ र ७ मा जेष्ठ नागरिक मिलन केन्द्रको लागि भवन निर्माण कार्य सम्पन्न गरेकोछ ।

विद्यालयहरुमा २१ वटा भवन निर्माण

गाउँपालिका स्थापना भएको पाँच वर्ष अवधिमा पालिका भित्रका विद्यालयहरुमा संघ, प्रदेश र स्थानीय सरकारको समन्वय तथा सहकार्यमा साना ठूला भवन माध्यमिक र आधारभुत विद्यालयहरुमा गरी २१ वटा भवनहरु निर्माण भएका छन् । ४ कोठे भवन ८ वटा विद्यालयहरुमा, ३ कोठे भवन २ वटा विद्यालयहरुमा, २ कोठे भवन र शौचालय १० वटा विद्यालयहरुमा र ९ कोठे भवन जनहित माविमा गरी जम्मा २१ वटा भवन निर्माण भएको छ ।

४ कोठे भवन निर्माण भएका विद्यालयहरु भगवती नमुना मावि , भवानी मावि, कोटाकोट आवि मिर्मी आवि र आदर्श मावि प्युघा आवि ध्रुवज्योति मावि विरेन्द्र मावि हुन् । ३ कोठे भवन निर्माण हुने सुर्यज्योति आवि र सरस्वती आवि हुन् । २ कोठे भवन र वास सहितको शौचालय निर्माण भएका विद्यालयहरु किपट आवि, शिव आवि, प्यूघा आवि, जनता आवि, सिर्जना आवि, सरस्वती मावि, घुरडाँडाँ आवि, सत्यदेवी आवि, नारायणी आवि र सरस्वती आवि हुन् ।

विषय क्षेत्र ३ : सामाजिक विकास



तथ्याङ्कमा सामाजिक विकास

क.सं	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
१	खुद भर्नादर	प्रतिशत	९४	९६
२	आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरेको	छ=१, छैन=०	०	१
३	प्राविधिक धार भएको विद्यालय	संख्या	०	२
४	व्यवस्थित विज्ञान प्रयोगशाला भएका सामुदायिक विद्यालय	संख्या	५	२५
५	व्यवस्थित कम्प्युटर प्रयोगशाला भएका सामुदायिक विद्यालय	संख्या	३	३५
६	इन्टरनेट सुविधा भएको विद्यालयहरु	संख्या	५	३५
७	आधारभूत स्वास्थ्य र सरसफाई क्षेत्र			
८	स्वास्थ्य संस्था विस्तार कति भयो		४	८
९	इन्टरनेट सुविधा भएको स्वास्थ्य संस्थाहरु	संख्या	०	८
१०	गाउँपालिकाले ५/१०/१५ शैयासम्मको अस्पताल निर्माण सम्पन्न	संख्या	०	१
११	गाउँपालिकाले ५/१०/१५ शैयासम्मको अस्पताल निर्माणाधिन	संख्या	०	१
१२	सबै वडामा स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी)	संख्या	०	६
१३	स्वास्थ्य इकाईहरु	संख्या	०	१
१४	स्वास्थ्य वीमा सेवामा आबद्ध परिवार संख्या	संख्या	०	४६१५
१५	पूर्ण खोपयुक्त गाउँपालिका घोषणा भएको	(छ=१, छैन=०)	०	१
१६	संस्थागत सुत्केरी हुने (स्वास्थ्य संस्थामा प्रसुती गराउने संख्या)	प्रतिशत	७	५२
१७	सबै खोप लिएका बालबालिका	प्रतिशत	८५	९५.३
१८	युवा तथा खेलकुद			
१९	वैदेशिक रोजगारीमा गएका	संख्या		२४४७
२०	खेलकुद मैदान/कभर्ड हल निर्माण	संख्या		७

आलमदेवी मन्दिर
कालीगण्डकी गाउँपालिका वडा नं ३

लोपोन्मुख यउनाट तथा जिममामा महोत्सव
कालीगण्डकी गाउँपालिका २ लसर्घा

एक घर, एक धारा अभियान : बदलियो स्थानीयको दैनिकी

विद्युतीय उपकरणको प्रयोग, पाइप विस्तार, आधुनिक टंकी निर्माण लगाएतका कार्य तीव्ररुपमा सञ्चालन भए पछी पहाडको फेदको पानी टुप्पोको बस्ती सम्म पुर्याउन पालिका सफल भएकोछ । जसले गर्दा स्थानीयको दैनिकीमा सहजता आएको देख्न सकिन्छ। खानेपानी जीवनको अमूल्य दैनिकी क्रियाकलाप सँग जोडिएको छ । भुगोलको असुविधाले गर्दा यस पालिकाका अधिकांश जनता पहाडको उच्च भागमा बस्ने तर पानीका मुहान फेदमा हुने हुँदा धेरै जनताको समय पानी बोकेरे नै विल्ने गर्दथ्यो । पशुपालन कृषि कार्य सरसफाई लगायतका काममा पानीको अभाव हुँदा सहज जीवनयापन गर्न कष्टकर बनेको थियो । खानेपानी पानीको व्यवस्था गर्न यस भेगका बासिन्दाको निन्द्रा श्रम र स्वास्थ्य खराब बन्दै गएको थियो ।

पालिकाले हालसम्म ३० वटा सानाठुला खानेपानीका आयोजनाहरुबाट ३४०० घरधुरीमा खानेपानीको व्यक्तिगत धारा पुर्याएको छ । उक्त आयोजनाहरुमा १२ वटा लिफ्टिङ र १८ वटा ग्राभिटी खानेपानी योजना रहेका छन् । हालसम्म पालिकाले खानेपानीको क्षेत्रमा रु १५ करोड ४९ लाख बजेट विनियोजन गरी खर्च गरेको छ ।

प्राविधिक शिक्षालयको स्थापना

आलमदेवी प्राविधिक शिक्षालयको स्थापना

विद्यार्थी शिक्षक अभिभावकले आफ्नै गाउँ ठाउँमा रोजगारमुलक प्राविधिक शिक्षा पढाउने विद्यालय भइदिए हुन्थ्यो भन्ने चाहना गर्नुभएको थियो र निजी क्षेत्रले पनि लगानी गर्न अग्रसर नभएपछि गाउँपालिकाले नवौ गाउँसभाबाट नीति कार्यक्रम तथा बजेटको व्यवस्था गरी २०७८ सालको ब्याचबाट सिभिल इन्जिनियरीङ्गमा डिप्लोमा लेभलको पढाई हुने आलमदेवी प्राविधिक शिक्षालयको स्थापना गरेकोछ ।

सिटिइभिटीबाट सम्बन्धन प्राप्त वार्षिक ४० जना विद्यार्थी पढाउन सक्ने क्षमता भएको उक्त शिक्षालय वडा नं ७ स्थित मिर्मी बहुमुखी क्यामसको भवनमा सञ्चालित भइरहेको छ ।

इलेक्ट्रिकल विषय पढ्नेलाई सहयोग

१५ महिने इलेक्ट्रिकल विषयमा पढाई हुने विरेन्द्र मावि जैपतेलाई पढाईमा निरन्तरता तथा सहजता होस् भन्ने उद्देश्यले पालिकाले बजेट निर्माण गरि विद्यालय तथा विद्यार्थीहरुलाई आर्थिक सहयोग तथा छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

विद्यार्थीलाई स्थानीय क्षेत्रको ज्ञान सीप कला सिकाउनको लागि स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तकबाट पढाई सुरु

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई आधारभुत र माध्यमिक शिक्षाको व्यवस्थापनको लागि अनुसुची ८ मा एकल अधिकारको रुपमा प्रदान गरेको छ । विद्यार्थीहरुलाई आफ्नो जन्मभूमीको बारेमा भौगोलिक ऐतिहासिक साँस्कृतिक धार्मिक तथा कला र सीपको बारेमा ज्ञान प्रदान गर्न स्थानीय पाठ्यक्रम अति महत्वपूर्ण हुने भएकाले यस कालीगण्डकी गाउँपालिकाले स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक तयार गरी निःशुल्क वितरण गरेको छ ।

निशुल्क इन्टरनेट जडान तथा आइसिटी र विज्ञान ल्याबको व्यवस्था

गाउँपालिका भित्रका सम्पूर्ण सरकारी विद्यालयहरुमा सुचना आदान प्रदान तथा सिकाईमा थप सहजीकरण होस भन्ने उद्देश्यले पालिकाले आफ्नै बजेटको व्यवस्था गरी विद्यालयहरुमा इन्टरनेट जडानको खर्च तथा शुल्क भुक्तानी गर्दै आएको छ । कम्प्युटर शिक्षा प्रदान गर्न सहजताको लागि विद्यालयहरुमा संघीय सकारको सहकार्यमा आईसिटी ल्याबको स्थापनालाई आवश्यक पर्ने कम्प्युटर, ल्यापटप प्रोजेक्टर, राउटर जस्ता सामान खरिदमा सहयोग गरेको छ ।

विद्यालय फुलबारी कार्यक्रम : विद्यालय बन्यो हराभार

विद्यालयको वातावरण हरियाली मनमोहक, रमणीय बनाउनको लागि कालीगण्डकी गाउँपालिकाले विद्यालय फुलबारी कार्यक्रम सञ्चालन गर्दै आएको छ । उजाडीएका विद्यालयका मैदानलाई रमणीय वातावरणमा परिवर्तन गर्नको लागि खेर गएका खाली जग्गाको सदुपयोग गरी विभिन्न थरिका रंगीचंगी फुलहरु रोपि विद्यालयलाई आकर्षक रमणिय बनाइएको छ । जसले विद्यालयलाई शितला र सरसफाई राख्नमा मद्दत पुगेको छ । भने शिक्षक र विद्यार्थीहरुलाई पनि अध्ययन अध्यापन गर्न प्रफुल्लित वातावरण मिलेको छ ।

दलित छात्रवृत्ति वितरण

कोभिड अवधिभर वैकल्पिक शिक्षा

निःशुल्क पाठ्यपुस्तक वितरण

परीक्षामा एकरुपता कायम गर्नका लागि विषयगत समिति गठन

शैक्षिक क्यालेण्डर प्रकाशन

शिक्षा क्षेत्रको विकासमा गरिएका अन्य क्रियाकलापहरु

पुस्तकालय निर्माण

रुम टु रिडसँग साझेदारी



कालीगण्डकी गाउँपालिका, स्याङ्जा र पढ्नको लागि कोठा
बीच समझदारी पत्र

यो समझदारी पत्र पढ्नको लागि कोठा र कालीगण्डकी गाउँपालिका (जसलाई यस पछि 'पालिका' भनिनेछ) बीच मिति २०७८/१/२९ मा हस्ताक्षर भई तत्काल लागू हुने छ।

पढ्नको लागि कोठा, रुम टु रिडको आधिकारिक कार्यान्वयन साझेदार हो। रुम टु रिड (Room to Read /R2R), निम्न आय भएका देशका बाल्यावस्थाका बालबालिकाको जीवनमा रूपान्तरण ल्याउने उद्देश्यले ती देशहरूमा साक्षरता र त्यसपछि शिक्षामा गुणस्तरीय शिक्षा प्रवर्धनको लागि काम गर्ने आफ्नो एक विशेष सङ्गठन हो। निर्धित बालबालिकाबाट नै विश्वका प्रतिभाशाली नागरिकहरू जन्मन सक्छन् भन्ने मान्यताका साथ सन् २००० मा स्थापना भएको रुम टु रिडको कार्यक्रमका नवीनतम दृष्टिकोण बालबालिकाको शैक्षिक जीवनको सबैभन्दा महत्वपूर्ण प्राथमिक शिक्षा र बालिकाहरूको माथि माध्यमिक शिक्षामा दिगो र व्यवस्थित रूपान्तरण ल्याउने कार्यमा केन्द्रित छ।

पढ्नको लागि कोठा (Padhnako Lagi Kotha / PLK) विद्यालयका प्राथमिक तहका बालबालिकामा साक्षरता सीप र पढ्ने बानीको विकास गर्न र बालिकाहरूलाई विद्यालय जीवनका साथसाथै पहिलाभन्दा बढ्दा बन्न उत्तीहरूलाई आवश्यक सीप प्रदान गरी माध्यमिक शिक्षा उत्तीर्ण गर्न सहयोग गर्ने उद्देश्यले स्थानीय समुदायहरू, साझेदार संस्थाहरू, र सरकारसँग सहकार्य गर्ने एक गैर नाफामूलक संस्था हो।

कालीगण्डकी गाउँपालिका, गण्डकी प्रदेश नेपालको एक स्थानीय सरकारी निकाय हो। यो पालिका आफ्नो क्षेत्राधिकार भित्रका स्थानीय जनताको उत्थानका लागि जिल्ला, प्रदेश र संघीय सरकारसँग समन्वय गरी काम गर्ने स्थानीय सरकार हो।

पढ्नको लागि कोठा (PLK) र कालीगण्डकी गाउँपालिका यस समझदारी पत्र मार्फत निम्न विषयहरूमा सहमत गर्दछन् :

१. यो समझदारी पत्रका आधारमा पालिकाका सामुदायिक विद्यालयमा लागू हुने कार्यक्रमहरू निम्न प्रकारका छन्।
PLK को जासरता कार्यक्रमको सहकार्य क्षेत्राभाई पालिका आफ्ना सामुदायिक विद्यालयहरूमा समावेश गर्ने छ। (अनुसूची क)। यो कार्यक्रममा दुई तत्व समावेश छन्।
१.१ शैक्षिक कक्षाहरू (कक्षा १ र २)
१.२ विद्यालय पुस्तकालय (कक्षाकोठाभित्र र छुट्टै)

विद्यालयमा अभिभावक प्रतिक्षालय

सेनेटरी प्याड वितरण

शिक्षक गोल्डेन हेन्डसेक

२० जना शिक्षक स्वेच्छिक कार्यक्रमबाट लाभान्वित

रु ३९ लाख भुक्तानी गरिने

रेडियो कार्यक्रम संचालन

विद्यालय कर्मचारीको तलब न्युनतम १५ हजार

नेपाल सरकारले श्रमिकको न्युनतम ज्याला रु १५ हजार पुर्याएको र आव २०७८/७९ को बजेट भाषणमा विद्यालयमा कार्यरत बाल शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरुको तलब न्युनतम १५ हजार पुर्याउने र आवश्यक पर्ने अपुग रकम स्थानीय तहले नै आन्तरिक श्रोतबाट वेहोर्नु पर्ने भनी निर्देशन गरेकोले यस कालीगण्डकी गाउँपालिकाका विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब वृद्धी अपुग रकम थप गर्न नवौ गाँउसभा मार्फत नीती कार्यक्रम तथा बजेट स्वीकृत गरी तोकिएको तलब भत्ता भुक्तानी गरिएको छ । भुक्तानीका लागि आवश्यक पर्ने रकम रु ६८ लाख गाउँपालिकाले आफ्नो आन्तरिक श्रोतबाट व्यहोरेको छ ।

बाल मनोविज्ञानमा आधारित सिकाइका लागि मन्टेश्वरी तालिम

कालीगण्डकी गाउँपालिका अन्तर्गतका बाल शिक्षा इसिडी सञ्चलान हुने विद्यालयहरुमा बालबालिकाको मनोविज्ञानमा आधारित पठनपाठन अर्थात बालबालिकालाई खेल्दै सिक्दै पढाउन शिक्षकहरुका लागि मन्टेश्वरी तालिम तथा विद्यालयलाई बालशिक्षामा आवश्यक पर्ने सामाग्री खरिद गर्न कार्यक्रम सञ्चालन गरिएको छ , जसबाट बालबालिकालाई विद्यालयमा सिकाई ग्रहण गर्न सहज हुने र विद्यालयमै बस्न मन पराउने भएकाले शिक्षण सिकाईमा सकरात्मक प्रभाव पर्ने आशा गरिएको छ । उक्त तालिम सञ्चालन तथा आवश्यक सामाग्री खरिदको लागि आश्यक बजेट संघीय सरकारबाट विशेष अनुदानको रुपमा रु ४० लाख स्वीकृत भएको थियो ।

एमबिबिएस डाक्टर सहितको अस्पताल सञ्चालन

कालीगण्डकी गाउँपालिकाले वडा नं ७ मिर्मी स्थित विद्युत प्राधिकरणको पुरानो भवनलाई मर्मत गरी १५ शैयाको अस्पताल स्थापना तथा सञ्चालन गरेको छ । अस्पतालबाट चौबिसै घण्टा डाक्टर सहितको इमर्जेन्सी सेवा, फार्मेसी सेवा, ल्याब सेवा, भिडियो एक्सरे सेवा, इसिजी सेवा, एक्सरे सेवा उपलब्ध गराउदै आएको छ । हाल निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागु भए पछी दिनमा औषत १०० जना भन्दा बढी विरामीहरुले सेवा लिदै आएको पाइन्छ । अस्पताल सञ्चालनको लागि गाउँपालिकाले आ.व २०७७\७८ मा रु ५० लाख र २०७८\७९ मा रु ७० लाख बजेट विनियोजन गरी पुँजीगत र चालु खर्चको व्यवस्थापन गरेको छ ।

सबै नागरिकको निःशुल्क स्वास्थ्य बीमा

नेपालको संविधानले धारा ३५ (१) मा स्वास्थ्य सम्बन्धी हकमा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन " भनी व्यवस्था गरेकोले साथै सबै नागरिकको स्वास्थ्यमा सहज पहुँच होस् र आर्थिक बोझ नपार्ने उद्देश्यका लागि रु १ लाख सम्मको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमको प्रिमिय शुल्क गाउँपालिकाले नै भुक्तानी गर्दिने कार्यक्रमको व्यवस्था गरकेो थियो । हालसम्म ३९८८ वटा घर परिवारको स्वास्थ्य बीमा गरिएको छ ।

स्वास्थ्य क्षेत्रका सम्पन्न भएका कार्यक्रम तथा क्रियाकलापहरु

नागरिक आरोग्य केन्द्रको स्थापना

कोभिड विशेष अस्पताल

निःशुल्क पिसिआर र एन्टिजेन परिक्षण

कोभिड विरामीको लागि निःशुल्क उपचार

न्युन शुल्कमा एम्बुलेन्स सञ्चालन

पोषिलो झोला वितरण कार्यक्रम

निःशुल्क नयाँ दात

अस्पताल निर्माणको टेण्डर

Office of Rural Municipal Executive
Kaligandaki Rural Municipality
Syangja, Gandaki Province

Invitation for Bids

Date of 1st Time Publication : 2078/12/18

Kaligandaki Rural Municipality, Syangja invites electronic bids from eligible bidders for **Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality** under National Competitive Bidding –**Single Stage Two Envelop Bidding Procedure.**

S.N.	Contract No.	Description of Works	Bid Security Amount NRs	Last Date of Bid Submission	Contract Duration	Bid Fee (NRs)
1	KLGD/W/NCB/HP/06/078/079	Construction of 15 Bedded Hospital for Kaligandaki Rural Municipality	52,00,000	2079/01/19 12:00 NST	24 Months	10,000

1. **Qualification Criteria**:
   a. Minimum average annual construction turnover of NRS 16,50,00,000 (Sixteen Crore Fifty Lakhs Only) calculated as total certified payments received for construction contracts in progress or completed, within best three years out of last ten fiscal years.
   b. The bidding capacity of the bidder should be equal to or more than the NRs 19,35,00,000
   c. Participation as Prime contractor, management contractor, or subcontractor, in at least One contracts of RCC frame Structure Hospital Building within the last Five (5) years, each with a value of at least NRS 12,75,00,000 (Twelve Crores Seventy Five Lakhs Only) that have been successfully or are substantially completed and that are similar to the proposed works.
2. **Information for Bid Security**:
   Bank Name: Prime Comercial Bank (Kaligandaki Branch)
   Account No & Name: 06700202CA (Kaligandaki Gaunpalika Dharauti Khata)
3. The Employers Kaligandaki Rural Municipality, Syangja reserves the right to accept or reject, wholly or partly

- लकडाउन अवधिमा दीर्घ रोगीहरुलाई निःशुल्क औषधी वितरण
- कोभिड रेपिड रेस्पोन्स टिम गठन
- ८ जटिल स्वास्थ्य समस्याका लागि आर्थिक सहयोग
- अध्यक्षसँग औषधी वितरण कार्यक्रम
- वडा नं ३ स्वास्थ्य चौकीका लागि जग्गा प्राप्ती
- ४ वटा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न
- महिला स्वास्थ्य स्वंयसेविकाको लागि मोबाइल फोन वितरण
- सरुवा रोग नियन्त्रणको लागि प्रबर्द्धन कार्यक्रम
- सबै स्वास्थ्य संस्थामा पर्याप्त औषधीको उपलब्धता
- विभिन्न विषयगत स्वास्थ्य शिविर कार्यक्रम

अध्यक्ष कप एवं कालीगण्डकी खेलकुद महोत्सव : १७ विधाका खेल सञ्चालन

खेल महोत्सव गर्नुको मुल उद्वेश्य भनेको, विभिन्न विधाको खेलकुदको माध्यमबाट प्रतिभावान खेलाडी उत्पादन गर्ने, स्वास्थ्य नागरिक बनाउने, खेलाडीहरुको बिचमा भाईचाराको सम्बन्ध विस्तार गर्ने, खेलकुदको माध्यमबाट आफ्नो पालिका, जिल्ला प्रदेश हुदै राष्ट्रको गौरव बढाउने, र समृद्व कालीगण्डकी र सुखी नागरिकको नारालाई सार्थक बनाउने रहेको छ । तेस्रो संस्करणको खेल महोत्सव २०७८ पुष ५ देखि ९ गतेसम्म चलेको थियो । सुरुका वर्षमा पुरुष फूटवल, पुरुष क्रिकेट, भलिवल महिला/पुरुष र एथलेटिक्सबाट सुरु गरिको खेल प्रत्येक वर्ष कम्तिमा १ खेल थप्दै जाने नीति अनुसार दोस्रो संस्करणमा महिला/पुरुष टेबुल टेनिस थप गरियो भने यस बर्ष महिला/पुरुष व्याटमिन्टन र प्रदर्शन खेलको रुपमा मार्शल आर्टसको खेलहरु समावेश गरिएको थियो ।



युवा तथा खेलकुदको विकासका मुख्य क्रियाकलाप तथा योजनाहरु

एक टोल एक खेलमैदान निर्माण

एक वडा एक ब्याडमिन्टन कोर्ट

एक विद्यालय एक टेबलटेनिस

अनुदान मार्फत क्लबहरुको सुदृढीकरण कार्यक्रम

छात्रा भलिवल प्रतियोगिता (राष्ट्रपति रनिङ्गशिल्ड)

बहुउपयोगी खेलमैदान निर्माण

मिर्मी, कारीकोट र भपेङ्मा धेरै खेल खेल्न सकिने खेलमैदान निर्माण

विषय क्षेत्र ४ : आर्थिक विकास



तथ्याङ्कमा आर्थिक विकास

क्रसं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
१	सहकारी क्षेत्रको नियमन भएको	छ=१, छैन=०	१	१
२	लघु, घरेलु तथा साना उद्योगको दर्ता, नि(वकरण तथा नियमन हुने गरेको	छ=१, छैन=०	१	१
३	छ भने दर्ता भएको उद्योग	संख्या	१०	१५
४	घ वर्गको निर्माण व्यवसायी	संख्या		
५	व्यवसायिक/व्यपारिक फर्महरुको दर्ता तथा नविकरण	संख्या	५०	९०
६	स्थानीय व्यवसायिक कृषि फार्म	संख्या	५	१५
७	तरकारी बिक्री (वार्षिक)	रु.	२५,००,०००	१,८०,०००००
८	फलफुल बिक्री (वार्षिक)	रु.	१५,००,०००	१,६०,००,०००
९	व्यवसायिक पशुपालनमा संलग्न कृषक परि वार	संख्या	६१०	१८८७
१०	व्यवसायिक पशुपालन फर्म	संख्या	५७	१८१
११	दुध उत्पादन (वार्षिक)	लिटर	५,४०,०००	५,८५,०००
१२	मासु उत्पान (वार्षिक)	कि.ग्रा.	२,७५,०००	३,१२,२००
१३	अण्डा उत्पादन (वार्षिक)	गोटा	१,०७,५००	१,६४,२५०
१४	चालु लघु उद्योग	संख्या	२	१०
१५	चालु घरेलु उद्योग	संख्या	२	४
१६	चालु साना उद्योग	संख्या	२	५
१७	चालु मझौला उद्योग	संख्या	१	२
१८	सुचारु व्यापार व्यवसाय	संख्या	१००	१५०
१९	जडिबुटी निकासी कर (वार्षिक)	रु.	०	०
२०	उद्यम विकास सम्बन्धी तालिम प्राप्त उद्यमी	संख्या	०	९०
२१	पर्यटन विकास			
२२	प्रमुख पर्यटकीय स्थल	संख्या	४	६
२३	सञ्चालनमा रहेको होमस्टे	संख्या	०	२
२४	पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट	संख्या	२	८
२५	आन्तरिक पर्यटकसंख्या (वार्षिक)	संख्या	३५००	७०००
२६	बाह्य पर्यटकसंख्या (वार्षिक)	संख्या	२००	३००
२७	पर्यटन सूचना केन्द्र	छ/छैन	०	०
२८	बैंक वित्तिय सेवा तथा सहकारी			
२९	बैंक	संख्या	१	३
३०	सहकारी संस्था	संख्या	४	८

कसं.	सूचक	इकाई	आधार वर्ष (२०७४/७५) को अवस्था	आ.व. २०७८/७९ को फागुन महिनासम्मको उपलब्धी
३१	लघु वित्त संस्था	संख्या	१	३

२४ रोपनी जग्गामा नमुना ड्र्यागन फ्रुट बगैंचा स्थापना : व्यवसायिक खेतीका लागि किसानलाई विरुवा वितरण

ड्रागन फ्रुट मानव स्वास्थ्यको लागि बहुगुणी फल हो, सिउँडी प्रजातीको यो फलले रोग प्रतिरोधात्मक क्षमता बढाउने उच्च रक्तचाप, मधुमेह जस्ता दीर्घ रोगीलाई उपयुक्त हुने आदि कारणले गर्दा बजारमा यसको उच्च मूल्यमा माग रहेको छ । यसको उत्पादन व्यवसायिक रुपमा गर्न सकेमा किसानहरुले मनग्य आम्दानी गर्न सक्ने कुरालाई मध्यनजर गरी गाउँपालिकाले किसानहरुलाई सिकाउन तथा बिरुवा उपलब्ध गराउनको लागि वडा नं ४ विर्घा पुच्छारमा नमुना ड्रागन फ्रुटको बगैचा स्थापना गरेको छ । गाउँपालिकाले आव २०७६/७७ देखि बजेटको व्यवस्था गरी २४ रोपनी जग्गा भाडामा लिई घेराबार गरी विरुवा लगाउन आवश्यक अन्य पूर्वाधार तयार गरी खनजोत गोडमेल गरी ४८०० बटा बेर्ना लगाएको छ । हुर्किएका बोटबाट नै निस्केका अन्य हागाहरुलाई काटेर नै नयाँ विरुवाको रुपमा रोप्न सकिने भएकाले ४८० वटा वेर्ना र त्यसका लागि आवश्यक पर्ने पोल गाउँपालिकाले अनुदानमा किसानहरुलाई वितरण गरेको थियो ।

उक्त बगैचा रेखदेख मलजल गोडमेल गर्नका लागि पालिकाले २ जनालाई खटाएको छ । हालसम्म ड्रागन फुट बगैचा सञ्चालनको लागि जग्गा प्राप्ती घेराबार स्टोर गर्ने भवन तथा अफिस निर्माण सिसिटिभी जडान विजुलीका पोल जडान थोपा सिचाँई फल अडाउने पोल निर्माण तथा टायर खरिद आदी कार्यकालागि ८०,७७,७९७ खर्च भएको छ ।

'कागती मिसन' कार्यक्रम बाँझो जमिनको सदुपयोग

आ.व. ०७४/७५ मा 'मिसन कागती' सुरू भएयता सबै वडाको टोलस्तरमा तालिम सञ्चालन तथा कृषकबाट बिरुवाको माग आह्वान गरिसकेको थियो। व्यवसायिक बगैंचा बनाउने उद्देश्यले २० भन्दा धेरै बिरुवा रोप्ने कृषकहरूलाई कार्यक्रममा समावेश गरेको थियो।

प्राविधिक अध्ययनले उपयुक्त देखिएका जमिनमा खाल्डो खनेपछि मात्र कागतीको बिरुवा निःशुल्क उपलब्ध गराइएको थियो। कागती मिसन कार्यक्रमले अहिलेसम्म ४४ हजार बिजु जातिको कागतीको बिरुवा कृषकलाई बितरण गरिसकिएको छ। मौसम अनुसार बोटबिरुवाको काँटछाँट, मलजल, सिँचाई, रोग तथा किराको नियन्त्रण गर्न गाउँपालिकाले प्राविधिकसमेत खटाएको छ । कार्यक्रम सुरू भएयता गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट साढे १४ लाख खर्च गरेको छ। यसबाट १५ सय ६५ कृषक परिवार प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्

किसानलाई आकर्षित गर्न नमुना व्यवसायिक फूल खेती

कालीगण्डकी गाउँपालिकाका प्राय जसो किसानहरु आफूलाई खाद्यान्नको रुपमा चाहिने अन्न गेडागुडी र तरकारी को मात्र सीमित उत्पादन गर्ने परम्परागत मानसिकतालाई अनुशरण गर्दै आएका थिए । किसानहरुको खाद्यान्न बालीको मात्र उत्पादनको निरन्तरतालाई भङ्ग गराउन तथा फूल खेती बाट पनि आर्थिक आय आर्जन गर्न सकिन्छ भन्ने सिकाउनका लागि गाउँपालिकानै लगानी, गोडमेल तथा बिक्री गर्ने गरी २० रोपनी जग्गामा **कर्मा ५५५** जातको फूल लगाई ७ लाखको उत्पादन गरी बिक्री गरेको थियो । जसबाट आगामी दिनहरुमा फूल खेतका लागि किसानहरुलाई अनुकरण गर्न मद्दत मिल्नेछ ।

कृषि उत्पादनको पकेट क्षेत्र : उत्पादन सुरु

कृषि उत्पादन वृद्दी गरी किसानलाई व्यवसायिक तथा आधुनिकिकरण बनाउनको लागि संघीय सरकारको सहयोगमा गाउँपालिकाले थप लगानी गरी किसानलाई बिउ, बिजन मल तथा अन्य सामाग्रीहरु अनुदानमा उपलब्ध गराई हरेक वर्ष विभिन्न वडामा कृषि उत्पादनका पकेट क्षेत्र घोषणा गर्दै आएको छ । आव २०७४/७५ मा वडा नं १ को प्युघाँ गाउँलाई मकै बिउ उत्पादनको, आव २०७५/७६ मा वडा नं ३ को सटुका गाउँलाई मकै उत्पादनको, आव २०७७/७८ मा वडा नं को किपट गाउँलाई मकै बिउ उत्पादन पकेट त्यस्तै वडा नं ३ को देउराली मा मसला बाली उत्पादन पकेट क्षेत्र घोषणा गरिएको थियो जसका लागि रु ३८ लाख बिनियोजन गरिएको थियो ।

कृषि तथा पशु क्षेत्रका सफल कार्यहरु

सुधारिएको मासु पसल

उन्नत जातका रागो वितरण

पशु बिमा कार्यक्रम

एक गाउँ एक पोखरी निर्माण

कृषकहरुलाई हाते ट्याक्टर वितरण

५० प्रतिशत अनुदानमा आलु र गहुँको विउ वितरण

केराको टिस्यु कल्चर विरुवा G9 वितरणबाट उत्पादन गरिएको

सबै वडामा कृषि उपज संकलनका लागि भवन निर्माण

प्याष्टिक सिट तथा थोपा सिंचाई

सामुहिक बंगुर पालन

बाख्रा पकेट क्षेत्र घोषणा कार्यक्रम

फलफूलका बेर्ना वितरण

विर्घाटार लिफ्टिङ् सिंचाइ योजना

पोषण युक्त घाँसको विउ वितरण

बंगुर फार्म प्रबर्द्धन तथा सुदृढिकरण

लोकल कुखुरा फाराम निर्माण

कालीगण्डकी ताजा तरकारी उत्पादन

मौरी विकास कार्यक्रम

भकारी सुधार कार्यक्रम

सहुलियत दरमा थ्रेसर सञ्चालन

उन्नत बाख्रा वितरण

भैसी फार्म स्रोत केन्द्र स्थापना

उन्नत बंगुरका बच्चा वितरण

अण्डामा आत्मनिर्भर कार्यक्रम

उन्नत बोयर जातका बोका वितरण

हिउँदे वर्षे डाले घासँका विउ वितरण

बाख्राको सुविधायुक्त खोर निर्माण

आलमदेवी मन्दिर अंकित हुलाक टिकट प्रकाशन आलमदेवी मन्दिरको विस्तृत योजना प्रतिवेदन तयार

नेपाल सरकार सूचना तथा संचार मन्त्रालय हुलाक विभागले यस कालीगण्डकी गाउँपालिका वडा नं ३ मा रहेको प्रसिद धार्मिक तथा ऐतिहासिक महत्व बोकेको आलमदेवी मन्दिर अंकित हुलाक टिकट मिति २०७८ कार्तिक २२ मा टाचा लगाएको थियो । मन्दिरको प्रांगणमै भव्य कार्यक्रम आयोजना गरी देशका मुख्य मिडियाहरुबाट खबर सम्प्रेसण गरी यसको प्रचार प्रसार गरिएको थियो जसबाट यस मन्दिरको महत्व देशव्यापीरुपमा प्रचारप्रसार भई धार्मिक पर्यटन वृद्धी हुने अपेक्षा गरेका गाउँपालिकाले गरेको छ ।

भृगुतुङ्गेश्व मन्दिर सीता गुफा तथा हनुमानस्थान मन्दिर तथा पार्क निर्माण

कालीगण्डकी गाउँपालिका वडा नं १ स्थित कालीगण्डकी नदीको तटमा अवस्थित त्रेता युगमा भृगु ऋषिले तपस्या गरेको मानिने यस पुण्य भुमीलाई पर्यटकीय एवं धार्मिक क्षेत्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माणको लागि गाउँपालिकाले विस्तृत गुरुयोजना तयार पारी पर्यटन मन्त्रालयको सहकार्यमा रु २ करोड २२ लाख बराबरको बोल पत्र प्रकाशन गरी पर्यटनको लागि आवश्यक संरचना निर्माण गर्ने काम गरेको छ । यो क्षेत्र पाल्पा जिल्लाको प्रसिद तीर्थस्थल रुरु रिडि क्षेत्रकोको सिमानामा पर्ने भएकोले त्यहाँ तीर्थ गर्न आएका श्रद्धालु पर्यटकहरुलाई समेत स्याङ्जा जिल्लामा आकर्षित गरी कालीगण्डकी गाउँपालिकामा पर्यटकीय चहलपहल बढाउन सकिनेछ ।

पर्यटन क्षेत्र विकासमा भएका सफल कार्यहरु

क्षेत्रपाल कालीका मन्दिर निर्माण

आँधीमुहानमा पर्यटन विकास कार्यक्रम सञ्चालन

होमस्टे स्थापना र प्रवर्धन

कोलडाँडा पार्क र मधुवन पार्कको निर्माण

मिर्मी फनपार्कको डिपीआर सम्पन्न निर्माण कार्य थालनी

सिद्धेश्वर महादेव मन्दिर निर्माण

उद्योग क्षेत्रको एकीकृत विकासका लागि औद्योगिकग्रामको निर्माण

घरेलु तथा साना उद्योगको स्थापना तथा सञ्चालनमा सहयोग पुर्याउने उद्देश्यले कालीगण्डकी गाउँपालिका वडा नं ५ भपेङ बगरमा औद्योगिक ग्रामको लागि आवश्यक पूर्वाधार निर्माण गरिएको छ । उद्योगको लागि चाहिने पूर्वाधारहरु विद्युत, पानी, सुरक्षा, खुल्ला ठाउँ तथा फोहोरमैला व्यवस्थापन आदी निर्माण गरी उद्यम गर्न चाहाने लगानीकर्ताहरुलाई सहज र सरल वातावरणको व्यवस्था गाउँपालिकाले गरेको छ । संघीय सरकार उद्योग मन्त्रालय र प्रदेश सरकारसँग सहकार्यमा रु १ करोड २२ लाखको लागतमा औद्योगिक ग्राममा पूर्वाधार निर्माणको कार्य सुरु भएको छ । कम्पाउण्ड वाल विद्युत एक्स्टेन्सन लाइन विस्तार अफिस लगाएतका संरचना निर्माणको कार्य भैरहेकोछ ।

गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन

ग्रामीण क्षेत्रमा रहेका बेरोजगार व्यक्तिहरुलाई सीप सिकाई आय आर्जन गर्न सक्षम बनाउने उद्देश्यले संघीय सकारको सहयोगमा यस कालीगण्डकी गाउँपालिकाको विभिन्न वडाहरु लघु उद्यम विकास कार्यक्रम सञ्चालन भएको छ । जसअन्तर्गत नयाँ उद्यमी विकास तथा क्षमता अभिवृद्धी तालिम प्रदान गर्न उद्यमी बन्न प्रेरणा प्रदान गरी घरमै थोरै लगानी र कच्चा पदार्थबाट विभिन्न सामानहरु जस्तै साबुन अचार कुसन गुडिया बनाउने तथा सिलाई कटाई ब्युटिपारलर बाख्रापाल तालिम प्रदान गरी उद्यमी बन्न सिकाउने काम गाउँपालिकाले गरेकोछ । यस कार्यक्रमबाट सातै वडाका १४० जना व्यक्तिहरुलाई भिन्न भिन्न तालिम प्रदान गरिएको छ । साथै वस्तु उत्पदान निर्माणको लागि आवश्यक पर्ने सामाग्रीहरु वितरण गरिएको छ ।

बेरोजगार युवालाई गाउँमै वर्षको कम्तिमा १०० दिनको रोजगारी

युवा रोजगार कार्यक्रम अन्तर्गत संकलित सुचीकृत बेरोजगार व्यक्तिकहरुको विवरणबाट स्थानीय स्तरमा सञ्चालनहुने विकास निर्माणका कार्यमा स्थानीय युवाहरुलाई वर्षमा कम्तिमा १०० दिन सम्मको रोजगारीको अवसर प्रदान गर्ने काम यस कालीगण्डकी गाउँपालिकाले गरेको छ । प्रधानमन्त्री रोजगार अन्तर्गतको केन्द्रीय सरकारको ज्यालामा स्थानीय सरकारले निर्माण सामाग्री खरिदमा बजेट विनियोजन गरी सहकार्य गरेको छ । यस्तो विकास निर्माणको मोडेलबाट काम गर्दा गाउँको विकास पनि हुने र बेरोजगार व्यक्तिले पनि रोजगार पाउने अवसर सृजना भएकोछ ।

हाल सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कालीगण्डकी गाउँपालिकामा २६ वटा योजनाहरु सम्पन्न भएका छन् जसमा संघीय सरकारको रु १ करोड २८ लाख र गाउँपालिकाको रु २ करोड ९७ लाख लगानी भएको छ जसबाट २७१ जना बेरोजगार व्यक्तीहरुले औषतमा ७१ दिन रोजगार पाउनुभएको छ ।

स्याङ्जा जिल्लाका ४४ सहकारी मार्फत सीप विकास तालिम

भुमि व्याबस्था सहकारी तथा गरिबि निवारण मंत्रालय व को सहयोगमा २०७६/०७७ मा रु १ करोड बिनियोजन भइ स्याङ्गजा जिल्ला भरीका १५ वटा सहकारिमा र २०७७/७८ मा १ करोड ६० लाख बिनियोजन भइ २९ वटा सहकारीलाइ बिभिन्न कृषी तथा व्यावसायिक अन्य सिप बिकास तथा प्रबिधि हस्तान्तरण तालिम संचालन ।

विषय क्षेत्र ७ : वन वातावरण र विपद व्यवस्थापन



कालीगण्डकीमा ४ लाख माछाका भुरा छोडियो

कालीगण्डकी नदी मुस्ताङबाट उत्पन्न भई विभिन्न ठाउँ बस्तीहरु हुदै आउँदा यसको जल विषादयुक्त भई पानीमा रहने जीवहरुको जीवन संकटमा परेकोछ । नदीको जलिय सन्तुलन कायम राख्न तथा माछामा आश्रित व्यक्तिहरुको जीविको पार्जन सहज बनाउनको लागि नेपाल विद्युत केन्द्र, कालीगण्डकी ए जलविद्युत केन्द्र सँगको समन्वयमा २०७७-०७-२१ का दिन गर्दी २५ पोका- १,१२,५००, हाडे- २५ पोका- १,१२,५००, ठेड - ३५ पोका- १,५७,५०० गरि ४ लाख भुरा छोडिएको थियो ।

पानीको मुल संरक्षण गर्न रिचार्ज पोखरी निर्माण अभियान

पुरानो पुस्ताले पानीका मुहानहरू नसुकोस् भनेर गाउँको माथिल्लो भागमा वर्षाको पानी जम्ने पोखरीहरू बनाउदँथे र यस्ता पोखरीहरूको बेग्लै धार्मिक तथा सांस्कृतिक महत्व पनि रहेको हुन्थ्यो । तर अहिले त नयाँ पोखरी बनाउनको सट्टा भएका पोखरी पनि मासिरहेका छन् । प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्व राख्ने ठाउँठाउँमा पोखरी निर्माण गर्ने प्रचलनलाई शैलुङ गाउँपालिकाले अभियानकै रूपमा अघि बढाएको छ । गाउँपालिकाले उच्च भागमा रहेको क्षेत्रभित्र रहेका पानीका मुहानहरूको संरक्षणका लागि रिजार्च पोखरी निर्माण गररिहेको छ । पोखरीबाट जैविक विविधता संरक्षण र बन्यजन्तु, चराचर तथा किरा फट्याङग्राहरूलाई जीवनयापन गर्न सहयोग पुगी पारिस्थितिक प्रणाली (इको सिष्टम) मा योगदान पुग्नेछ ।

फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल साईट

कालीगण्डकी गाउँपालिका वडा नं ७ स्थित कालीगण्डकी जलविद्युत केन्द्रको ड्यामसाइड नजिक गाउँपालिकाको फोहोर व्यवस्थापनको लागि ल्याण्डफिल साइटको निर्माण गरिने भएकोछ । कालीगण्डकी नदीले बगाएर ल्याएको फोहोर सुरुङ्लाई सुरक्षित राख्न बाहिर निकाल्ने गरिन्छ जसले पर्यटकीय क्षेत्र तथा धार्मिक महत्व भएको नदि दूषित बन्दै आएको थियो । नदिजन्य तथा मिर्मी बजारको फोहोरको व्यवस्थापन गर्न संघीय सरकारको समन्वयमा कालीगण्डकी गाउँपालिकाले रु १ करोड ६६ लाखको लागतमा ल्याण्डफिल साइट निर्माण गर्न लागेको छ । जसबाट हाइड्रोपावर प्रोजेक्ट घुम्न आउने तथा नदी स्नान गर्ने आउने पर्यटकहरुलाई सफा र आकर्षक वातावरण मिल्नेछ ।



पालिकाले पहिरो नियन्त्रणको लागि गरेको प्रयासहरु

अविरल वर्षाका कारण २०७७ सालको असार ३० गते वडा नं ३ खहरेको विनाशकारी पहिरो जस्ता विपद्ले गाउँपालिका पहिरो देखि संसकित भएकोछ । वर्षाको समयमा अतिवृष्टी हुने तथा यहाँको पहाडी भूगोल कमजोर भएकाले गाउँपालिकाका क्षेत्रहरु पहिरोको उच्च जोखिममा रहेका छन् । पहिरोबाट बस्ती तथा सडकलाई सुरक्षित गर्न गाउँपालिकाले गरेका कार्यहरु यस प्रकारछन

- वडा नं ५ ठूलाबगरमा तटबन्धन
- कुप्रीगैराको पहिरोमा तटबन्धन
- चिदिखोला पहिरो नियन्त्रण
- मसाहर पहिरो नियन्त्रण
- गिन्डरी खोला तथा दुमरी खोला पहिरो नियन्त्रण
- खहरे खोला तटबन्धन
- रिब्दी भल बस्ती संरक्षण

वन जोगाउन: सामुदायिक वन उपभोक्ता समिति सँग साझेदीरी

गाउँपालिकामा रहेका सामुदायिक वनहरुको संरक्षण र दिगो व्यवस्थापन गर्नको लागि गाउँपालिकाले विभिन्न जातका विरुवा वितरण गर्ने, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरु गर्दै आएको छ । सडक विस्तार तथा नयाँ बाटो खन्दा गाउँपालिकाले वन जङ्गल जोगाइ सडक विस्तार गर्ने नीति लिएको छ ।

पर्यावरण सन्तुलन कायम गर्न वृक्षारोपण

गाउँपालिकाले उजाड भएको बस्ती क्षेत्र तथा सडक छेउछाउ वृक्षारोपण गर्न हरेक नयाँ आर्थिक वर्षमा बजेट नीति तथा कार्यक्रम बनाएर वृक्षारोपण तथा वनजङ्गल संरक्षणलाई प्राथामिकतामा राखेकोछ । गाउँपालिकाले विभिन्न वडाको उजाड भुमी तथा नाङ्गा डाँडाहरुमा हाल सम्म २ हजार वटा विभिन्न ५ जातका विरुवाहरु रोपेको छ ।

मिर्मी मुनी काली थुनेको

कोरोना भाइरस (कोभिड १९) नियन्त्रणमा गाउँपालिकाको प्रयास

कोरोना भाइरसले विश्वलाई नै आक्रान्त पारेको समयमा कालीगण्डकी गाउँपालिका पनि प्रभावित बन्यो । कोभिड १९ सम्बन्धी सचेतना फैलाउने, नाकाहरुमा हेल्प डेक्सको स्थापना, बाहिरबाट आउनेको लागि क्वारेन्टाइन व्यवस्थापन, क्वारेन्टाइनमा निःशुल्क खानाको व्यवस्था, स्वास्थ्य सामाग्री लगायतको व्यवस्थापन तथा वितरण, दैनिक ज्यालादारी गर्ने तथा विपन्न नागरिकलाई राहत वितरण, लकडाउनको समयमा दीर्घरोगीहरुलाई निःशुल्क औषधी वितरण, बाहिरी क्षेत्रका मजदुरहरुलाई खानाको व्यवस्था र घरसम्म पुर्याउन यातायातको व्यवस्था साथै रेफर गरिकएका सुत्केरीहरुलाई अस्पतालसम्म पुर्याउनको लागि एम्बुलेन्स भाडा पालिकाले उपलब्ध गराएको थियो ।

कोरोना भाइरसको खर्च व्यवस्थापन को लागि प्रकोप व्यवस्थापन कोषको स्थापना गरी गाउँपालिका र स्थानीय कर्मचारी, शिक्षक, जनप्रतिनिधी, क्लब, आमा समुह, विभिन्न संघ संस्थाहरु तथा व्यक्तिहरुबाट आर्थिक सहयोग संकलन गरी राहत वितरण तथा क्वारेन्टाइन व्यवस्थापन गर्ने कार्यमा खर्च भएको थियो ।

पछिल्लो चरणको डेल्टा तथा ओमनिक्रोन भाइरसले पालिकामा ३३ जना व्यक्तिहरुले ज्यान गुमाउनु परेको थियो । संक्रमितको उपचारको लागि मिर्मीमा एक जना डाक्टर र नर्सको नियुक्ती गरी ३० शैयाको आइसोलेसन सेन्टरको स्थापना गरि निःशुल्क उपचार सेवा प्रदान गरिएको थियो । आइसोलेसन सेन्टरमा विरामीहरुलाई अक्सिजन अभाव हुन नदिन कन्सन्ट्रेसन मेसिन खरिद गर्ने, अक्सिजन सिलिण्डर खोजी गर्ने कार्य गरी नियमित अक्सिजन आपूर्तीलाई सहज बनाईएको थियो ।

संक्रमित फैलिन नदिनको लागि नियमित रुपमा निःशुल्क RTD-PCR गर्ने PCR को लागि स्वाब संकलन गरी पोखरा सम्म पठाउने, संक्रमित मृतकको शव व्यवस्थापन गर्न काम पालिकाले गरेको थियो ।

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्या : २०७७/७८
चलानीन.

विर्घा, स्याङ्जा
स्थापित २०७३

गण्डकीप्रदेश, नेपाल
मितीः २०७७।०४।३२

विषयः आय व्यय विवरण सार्वजनिक ।

कालीगण्डकी गाउँपालिका, **स्याङ्जाको**आ.व. २०७६/०७७ को**प्रकोप व्यवस्थापन कोषमा जम्मा भएको आम्दानी र** भुक्तानी भएको खर्च **तपसिल बमोजिम रहेको जानकारी गराइन्छ ।**

खर्च विवरण	रकम	आम्दानी विवरण	रकम
क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन खर्च	६,८३,७६४।००	जनसहभागिता	२२,४७,०२१।३३
क्वारेन्टाईन बस्नेको खाना खर्च	११,८९,४९७।००	कालीगण्डकी गाउँपालिका	१५,००,०००।००
सुरक्षात्मक सामाग्री खरिद	६५,८७५।००	गण्डकी प्रदेश सरकार	८,५०,०००।००
स्वास्थ उपकरण खरिद	६,३५,७३०।००	संघिय सरकार	२,८४,९७५।००
एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन	४६,६००।००		
राहत वितरण (**खाद्यान्न तथा** दीर्घ रोगीलाई औषधी)	१६,१२,२३४।००		
प्रचार प्रसार सचेतना सामान ढुवानी	१,२४,२३०।००		
जनशक्ती व्यवस्थापन **सुरक्षा** कर्मी र कामदार	८४,४१५।००		
यातायात खर्चः(**होल्डिङ सेन्टरबाट क्वारेण्टिन वा पालिकासम्म लैजादाको खर्च**)	२,५६,६००।००		
अन्य	३७,८६०।००		
जम्माखर्च	**४७,३६,८०५।००**	**जम्मा आम्दानी**	**४८,८१,९९६।३३**
बैंक मौज्दात प्राईम कमर्सियल बैक मिर्मी	**१,४५,४९१।३३**		
कुल जम्मा	४८,८१,९९६।३३	कुल जम्मा	४८,८१,९९६।३३

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्या : २०७७/७९
चलानीन.

विर्घा, स्याङ्जा
स्थापित २०७३

फोन: ९८५६०००७७०, ९८५६०११९७३

गण्डकीप्रदेश, नेपाल
मितीः २०७८।०८।१६

विषयः आय व्यय विवरण सार्वजनिक ।

कालीगण्डकी गाउँपालिका, स्याङ्जाको आ.व. २०७७/०७८ को प्रकोप व्यवस्थापन कोषमा जम्मा भएको आम्दानी र भुक्तानी भएको खर्च तपसिल बमोजिम रहेको जानकारी गराइन्छ ।

खर्च विवरण	रकम	आम्दानी विवरण	रकम
औषधी खर्च	१,३६,८९९.००	जनसहभागिता	८,०१,५५५.००
मेडीकल उपकरण र स्वास्थ्य सामाग्री	२८,११,३०५.००	कालीगण्डकी गाउँपालिका	४८,०५,१९१.३३
पिसिआर, आरडीटी टेस्टिङ खर्च	४,३२,६४०.००	गण्डकी प्रदेश सरकार	७,५०,०००.००
जनशक्ति व्यवस्थापन तथा उपचार खर्च	१३,४१,०७३.००	संघिय सरकार	१०,००,०००.००
जनचेतनाका लागि प्रचार प्रसार, तथा सुपरिवेक्षण	१,२६,४००.००		
क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन, खाना र आवास खर्च	२१,५६,३१८.००		
विविध खर्च	१,५८,२१४.००		
अन्य			
जम्मा खर्च	७१,६२,८५२.००	**जम्मा आम्दानी**	**७३,५६,७४६.३३**
बैंक मौज्दात प्राईम कमर्सियल बैक मिर्मी	**१,९३,८५४.३३**		
कुल जम्मा	७३,५६,७४६.३३	कुल जम्मा	७३,५६,७४६.३३

कालीगण्डकी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्या : २०७६/०७७
चलानी नं : १३५०

गण्डकी प्रदेश, नेपाल
मिति : २०७७।०१।०७

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

विषय : विवरण उपलब्ध गराइएको

कोभिड - १९ को विपदमा यस गाउँपालिका बाट वितरण भएको दोस्रो चरणको राहत विवरण तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

तपसिल

वडा नं.	राहत प्राप्त गर्ने परिवारको संख्या	चामल (के.जी)	दाल (के.जी)	नुन (के.जी)	तेल लिटर	साबुन गोटा	आलु किलो	सोयाबिन किलो
१.	५८	६५८	८९	५८	८९	९१		
२	६३	९०६	११९।५	६३	११९।५	१२६		
३	७०	९२२	१२३	७०	१२३	१२७		
४	६९	१०२९	१३६	६९	१३६	१४१		
५	७१	९६७	१२८	७१	१२८	१३५		
६	७६	१०४७	१३९।५	७६	१३९।५	१४३		
७	६६	८४९	११३।५	६६	११३।५	११७		
जम्मा	४७३	६३७८	८४८।५	४७३	८४८।५	८८०		
बाहिरका मजदुरहरु	४५	१५०	१९	८	१९	२२	३६	७
कुल जम्मा	५१८	६५२८	८६७।५	४८१	८६४।५	९०२	३६	७

कविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री जिल्ला प्रशासन कार्यालय, स्याङ्जा ।

E-mail : kaligandakiruralmunicipality@gmail.com; Website: kaligandakimunsyangja.gov.np;

कालीगण्डकी गाउँपालिका, स्याङ्जा
दोस्रो चरणको राहत वितरण
१
५१८
१
६३
२
१
७०
३
१
७३
४
१
६६
५
१
७१
६
१
४७
७
१
३६
८
१
३६
९
१
७६
६३७८ चामल-९२०
६३ दाल-९२०
९०२८ चामल-९३६
८९ दाल-९३६
९०४७ चामल-९४९
९९ दाल-९४९
९०४७ चामल-९४८
९६ दाल-९४८
९०४७ चामल-९४८
९६ दाल-९४८
९०४७ चामल-९४८
९६ दाल-९४८
६३८ चामल-९४८
६६ दाल-९४८
६३८ चामल-९४८
६६ दाल-९४८
६३८ चामल-९४८
६

पालिका गान

कृष्णगण्डकीले सँधै रक्षा गरून्।
आलमदेवीले सँधै रक्षा गरून्।। २

गण्डकीले घेरिएको क्षेत्रपाल भूमिका,
हामी सबै जातिका ।२
भेषभुषा चाडपर्व भाषा भाँती भाँतीका । २

मेहनत र पसिनामा बाँच्न सक्ने हामी हौं,
ज्ञान, बुद्धिले यो राष्ट्र हाँक्न सक्ने हामी हौं,

गण्डकीले सिञ्चिएको माटो हाम्रो गौरव
पहाडको सेरोफेरो स्वर्ग जस्तो भूमी यो,
हामी सन्तान विरका, हाम्रो मातृभुमी यो ।

हाम्रो कालीगण्डकी जय, जय, जय होस्
जय जय जय जय जय..... कालीगण्डकी